" समतामूलक, समृद्ध पर्यटकीय नगरी:
पहिचान सहितको हाम्रो घोडाघोडी "

# घोडाघोडी नगरपालिकाको नगरसभाको
## १९ औं अधिवेशनमा
## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गुलिया कुमारी चौधरीद्वारा प्रस्तुत
# बिनियोजन विधेयक २०८१

मिति: २०८१ असार १०

" समतामूलक, समृद्ध पर्यटकीय नगरी:
पहिचान सहितको हाम्रो घोडाघोडी "

घोडाघोडी नगरपालिकाको नगरसभाको
१९ औ अधिवेशनमा
बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गुलिया कुमारी चौधरीद्वारा प्रस्तुत

# बिनियोजन विधेयक २०८१

मिति: २०८१ असार १०

## बिनियोजन विधेयक २०८१

**सभाध्यक्ष ज्यू,**

अध्यक्षज्यूको अनुमतिमा म यस गरीमामय नगरसभामा घोडाघोडी नगरपालिकाको नगर-उपप्रमुख एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक बर्ष २०८१-०८२ को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएकि छु।

घोडाघोडी नगरपालिकाको नगर उपप्रमुखको हैसियतले निर्वाचित भई यस गरीमामय नगरसभामा आज तेर्सो पटक तेस्रो बर्षको बजेट प्रस्तुत गर्न पाउदा हर्षित भएकि छु। मलाई यस स्थानमा पुर्याउनु हुने आम घोडाघोडी नगरवासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनिहरुलाई धन्यवाद दिन चाहन्छु।

साथै,यस अवसरमा राष्ट्र हित,लोकतन्त्र र अग्रगामि परिवर्तनका साथ साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जन्ताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र सघर्ष,त्याग र बलिदानको गौरवमयपूर्ण इतिहासलाई स्मरण गर्दै यस समयमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**सभाध्यक्ष महोदय,**

नागरीकको जीउ,धन,समानता र स्वतन्त्रताको सुरक्षाको जिम्मेवारी भएको, नागरीक साझ कति बेला सुत्छन र बिहान कति बेला उठछन भनेर जानकारी भएको, नागरीकको घरको चुल्हो बले नबलेको चौबिसै घण्टा देखेको, नागरीकको आफ्नो साईनो पर्ने सरकारको प्रतिनिधि भएको हैसियतले आम नगरवासिका माग,चाहना र आवश्यकताहरुलाई मध्यनजर गरी नगरपालिकाको दिगो आर्थिक विकास, आर्थिक सामाजिक रुपान्तरण र दिगो पूर्वाधार विकासको माध्यमबाट **समतामुलक समृद्ध पर्यटकीय नगरी पहिचान सहितको हाम्रो घोडाघोडी** को दिर्घकालिन सोच चुम्ने गरेर आगामी आर्थिक बर्ष २०८१-०८२ को वार्षिक बजेटको उदेश्य,प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**

अब म सर्वप्रथम यस घोडाघोडी नगरपालिकाको चालु आर्थिक बर्ष २०८०-०८१ को बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक बर्षमा नगरपालिकाको कुल बजेट रु. ९९ करोड ८७ लाख ६४ हजार रकम अनुमानित प्रक्षेपण गरेकि थिए र सोहि अनुसार व्यय अनुमान गरी यस नगरपालिकाको १७ औ नगरसभाबाट बिनियोजन ऐन पारित गरीएको थियो।

संघीय राजस्व बाँडफाँड मार्फत १७ करोड १० लाख ९० हजार ६ सय प्राप्त हुने अनुमानमा हाल सम्म १२ करोड ५७ लाख १८ हजार १ सय १५ मात्र प्राप्त भएको छ।

संघीय वित्तिय समानीकरण अनुदान मार्फत १७ करोड ७८ लाख प्राप्त हुने अनुमानमा हाल सम्म १३ करोड ३३ लाख ५० हजार मात्र प्राप्त भएको छ।

संघीय समपुरक अनुदान मार्फत १ करोड ८० लाख प्राप्त हुने अनुमानमा हाल सम्म १ करोड मात्र प्राप्त भएको छ।

संघीय विशेष अनुदान मार्फत ३ करोड ५० लाख प्राप्त हुने अनुमानमा हाल सम्म १ करोड ५२ लाख ३२ हजार ५ सय मात्र प्राप्त भएको छ।

संघीय शशर्त अनुदान मार्फत ३७ करोड ५९ लाख ६६ हजार प्राप्त हुने अनुमानमा हाल सम्म ३६ करोड ८९ लाख ९६ हजार ५ सय मात्र प्राप्त भएको छ।

प्रदेश राजस्व बाँडफाँड मार्फत ६३ लाख ४८ हजार प्राप्त हुने अनुमानमा हाल सम्म ५० लाख २९ हजार ७ सय २५ मात्र प्राप्त भएको छ।

प्रदेश वित्तिय समानीकरण अनुदान मार्फत १ करोड ६३ लाख १९ हजार प्राप्त हुने अनुमानमा हाल सम्म १ करोड २२ लाख ३९ हजार २ सय ५० मात्र प्राप्त भएको छ।

प्रदेश समपुरक अनुदान मार्फत १ करोड ९४ लाख ९१ हजार प्राप्त हुने अनुमानमा हाल सम्म ९१ लाख ३० हजार मात्र प्राप्त भएको छ।

प्रदेश विशेष अनुदान मार्फत ५० लाख प्राप्त हुने अनुमानमा हाल सम्म २४ लाख ८४ हजार ३ सय २६ मात्र प्राप्त भएको छ।

प्रदेश शशर्त अनुदान मार्फत २७ लाख ५० हजार प्राप्त हुने अनुमानमा हाल सम्म १७ लाख ५० हजार मात्र प्राप्त भएको छ।

चालु आर्थिक बर्षको लागि कुल बिनियोजन भएको बजेटमा हाल सम्म गत वर्षको मौज्दात र आन्तरिक स्रोत सहित रु. ८३ करोड ८ लाख ७० हजार प्राप्त भएको छ। प्राप्त रकम मध्ये असार ९ गते सम्म रु. ६७ करोड ४५ लाख ५० हजार २८५ मात्र (६७.५%) खर्च भएको छ। जस अन्तर्गत चालु र पूजिगत तर्फ विनियोजन भएको कुल बजेट क्रमस रु.६१ करोड १९ लाख ९७ हजार र रु. ३८ करोड ६७ लाख ६७ हजारमा चालु तर्फ ४७ करोड ८७ लाख २४ हजार (७८.२२%) र पूजिगत तर्फ १९ करोड ६९ लाख १३ हजार (५०.९१ %) खर्च भएको छ।

हामीले चालु आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम र बजेटको उदेश्य र प्राथमिकता अनुसार छुट्याईएका योजना तथा कार्यक्रमहरुको अपेक्षा अनुसार नतिजा हासिल गर्न सकेका छैनौ यधपि उपलव्ध स्रोत साधनहरुको अधिकतम रुपमा सदुपयोग गरी उच्चतम प्रतिफल हासिल गर्न तर्फ नगर सरकार अनवरत रुपमा लागि परेको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८१-०८२ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उदेश्यहरु:**

१. नागरीकको जीउ,धन,समानता र स्वतन्त्रताको रक्षा गर्ने ,
२. उपलव्ध साधन र स्रोतको अधिकतम परिचालन गरी दिगो आर्थिक विकास गर्ने ,
३. उत्पादनमा आत्मनिर्भर्ता वढाउने , .
४. रोजगारी सृजना गर्ने ,

५. समाजमा रहेका सवै प्रकारका विभेद र शोषणको अन्त्य गरी सभ्य र समतामुलक समाज निर्माण गर्ने ,
६. गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्यमा सरल र सहज पहुच पुर्याउने ,
७. दिगो,भरपर्दो, जोखिममुक्त र वातावरणमैत्री पूर्वाधार विकास गर्ने ,
८. पुर्ण प्रविधिमैत्री नगरपालिका निर्माण गर्ने ,
९. दिगो शान्ति,सुशासन,विकास र समृद्धिको लक्ष्य हासिल गर्ने ।

**बजेटका प्राथमिकताहरु:**

१. गुणस्तरीय शिक्षामा जोड,सर्वसुलभ स्वास्थ्यमा पहुच वढाउने,
२. कृषिमा आधुनिकिकरण र व्यवसायिकता,पशुमा आत्मनिर्भर र व्यवसायीकिकरण,औधोगिक विकास र विस्तार,पर्यटनको विकास र विस्तार, रोजगारी सृजना,
३. भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको व्यवस्थापन,सहकारीतामुलक शासन,
४. पूर्वाधार विकास,सूचना प्रविधिमैत्री नगरपालिका निर्माण,लैंगिक समानता सामाजिक समावेसिकरण,विपद व्यवस्थापन र वातावरण संरक्षण,
५. मनोसामजिक परामर्श,वित्तिय साक्षरता अभिवृद्धी,सामाजिक सुरक्षा सरलिकरण,सामाजिक न्याय कायम गर्ने,न्यायमा सवैको पहूच वढाउने,शान्ति सुरक्षा चुष्त दुरुष्त र प्रभावकारी वनाउने,मानविय विकास गर्ने,
६. मागमा आधारित योजना तथा कार्यक्रम छनोट , स्रोत साधनको प्रभावकारी परिचालन,संस्थागत सुधार,क्षमता विकास र सुशासन कायम ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको बजेटको आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आय अनुमान | | | |
|---|---|---|---|
| संघीय | समानीकरण अनुदान | १८३०००००० | १८ करोड ३० लाख |
| संघीय | समपुरक अनुदान | १५०००००० | १ करोड ५० लाख |
| संघीय | विशेष अनुदान | ३३५०००००० | ३ करोड ३५ लाख |
| संघीय | शशर्त अनुदान | ३९३६००००० | ३९ करोड ३६ लाख |
| संघीय | राजस्व बाँडफाँड | १७९५००००००. | १७ करोड ९५ लाख |
| प्रदेश | समानीकरण अनुदान | १७५५८००० | १ करोड ७५ लाख ५८ हजार |
| प्रदेश | समपुरक अनुदान | १५०००००० | १ करोड ५० लाख |
| प्रदेश | विशेष अनुदान | ५५००००० | ५५ लाख |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश | शशर्त अनुदान | ५१५५००० | ५१लाख ५५ हजार | |
| प्रदेश | राजस्व बाँडफाँड | ६६७४०००. | ६६ लाख ७४ हजार | |
| नगरपालिका | आन्तरीक स्रोत | १२००००००० | १२ करोड | |
| कुल अनुमानित आय | | ९७४४८७००० | ९७ करोड ४४ लाख ८७ हजार | |
| व्यय अनुमान | | | | |
| संघीय | समपुरक अनुदानवाट सञ्चालित योजनाका लागि १०० % म्याचिङ सहित | | ३ करोड | बिनियोजन गरेकि छु। |
| संघीय | विशेष अनुदानवाट सञ्चालित योजनाका लागि | | ३ करोड ३५ लाख | बिनियोजन गरेकि छु। |
| संघीय | शशर्त अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रमका लागि | | ३९ करोड ३६ लाख | बिनियोजन गरेकि छु। |
| संघीय शशर्त | तराई मधेश समृद्धि कार्यक्रम मार्फत सञ्चालित कार्यक्रमका लागि ३० % म्याचिङ गर्न | | ६१ लाख ५० हजार | बिनियोजन गरेकि छु। |
| संघीय शशर्त | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माणमा ३० % साझेदारी गर्न | | ६० लाख | बिनियोजन गरेकि छु। |
| प्रदेश | समपुरक अनुदानवाट सञ्चालित योजनाका लागि १०० % म्याचिङ गर्न | | ३ करोड | बिनियोजन गरेकि छु। |
| प्रदेश | विशेष अनुदानबाट सञ्चालित योजनाका लागि | | ५५ लाख | बिनियोजन गरेकि छु। |
| प्रदेश | शशर्त अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रमका लागि | | ५१ लाख ५५ हजार | बिनियोजन गरेकि छु। |
| सभाध्यक्ष महोदय<br>अब म नगरपालिको क्षेत्रगत बजेट प्रस्तुत गर्दछु। | | | | |
| कृषिमा आत्मनिर्भर नगरपालिका निर्माण गर्न विभिन्न कार्यक्रम सञ्चालनका लागि | | | ८५ लाख | बिनियोजन गरेकि छु। |
| पशुपालन सम्वन्धी योजना तथा कार्यक्रम सञ्चालनका लागि | | | २५ लाख | बिनियोजन गरेकि छु। |
| भूमी व्यवस्थापन सम्वन्धी कामकाज गर्न | | | १ करोड | बिनियोजन गरेकि छु। |

| | | |
|---|---|---|
| उद्यम विकासका कार्यक्रम सञ्चालन गर्न | २० लाख | बिनियोजन गरेकि छु। |
| रोजगारका कार्यक्रम सञ्चालनका लागि | २ लाख | बिनियोजन गरेकि छु। |
| सहकारिहरुको अभिलेखिकरण, सशक्तिकरण, अनुगमन, नियमन र साझेदारीका लागि | ८ लाख | बिनियोजन गरेकि छु। |
| नगरपालिकाको पर्यटन विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्न | २० लाख | बिनियोजन गरेकि छु। |
| गुणस्तरीय शिक्षामा सवैको पहुच,शैक्षिक विकास र अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन गर्न | ५ करोड | बिनियोजन गरेकि छु। |
| गुणस्तरीय र सर्वसुलभ स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्न | २ करोड | बिनियोजन गरेकि छु। |
| घोडाघोडी नगर अस्पताल सञ्चालनका लागि | ८० लाख | बिनियोजन गरेकि छु। |
| महिला बालबालिका तथा जेष्ठ नागरीक र लैससास कार्यक्रम सञ्चालन गर्न | १५ लाख | बिनियोजन गरेकि छु। |
| सामाजिक सुरक्षा तथा पंजिकरण लाई सुदृढ र व्यवस्थित गर्न | २ लाख | बिनियोजन गरेकि छु। |
| युवा तथा खेलकुदको विकास गर्न | २० लाख | बिनियोजन गरेकि छु। |
| सूचना तथा सञ्चार प्रविधिमैत्रि नगरपालिका निर्माणका लागि | २५ लाख | बिनियोजन गरेकि छु। |
| वन,वातावरण र विपद र राहत तथा उद्धारका लागि | २० लाख | बिनियोजन गरेकि छु। |
| न्याय निरुपण तथा कानूनमा सवैको पहूच सुनिश्चित गर्न | १५ लाख | बिनियोजन गरेकि छु। |
| राजस्व व्यवस्थापन प्रणाली सुदृढ गर्न | १ लाख | बिनियोजन गरेकि छु। |
| चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका भुक्तानी दिन बाकी योजनाका लागि | ३ करोड | बिनियोजन गरेकि छु। |

| | | | | |
|---|---|---|---|---|
| नगरपालिकाको संस्थागत सुधार,कार्यालय संचालन तथा व्यवस्थापनका लागि | | | १४ करोड | बिनियोजन गरेकि छु। |
| साझेदारी कोष मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमका लागि | | | २ करोड ५० लाख | बिनियोजन गरेकि छु। |
| नगरपालिका बहुबर्षिय पुराना योजनाहरु सञ्चालन गर्न | | | ६ करोड ५० लाख | बिनियोजन गरेकि छु। |
| नगरपालिका स्तरीय योजना सञ्चालन गर्न | | | १ करोड ९० लाख ८२ हजार | बिनियोजन गरेकि छु। |
| सभाध्यक्ष महोदय,<br>अब म नगरपालिकाको वडा गत बजेट प्रस्तुत गर्दछु। | | | | |
| | वडा नं १ का लागि | ८०००००० | ८० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं २ का लागि | ५०००००० | ५० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ३ का लागि | ५०००००० | ५० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ४ का लागि | ७५००००० | ७५ लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ५ का लागि | ५५००००० | ५५ लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ६ का लागि | ५०००००० | ५० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ७ का लागि | ५०००००० | ५० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ८ का लागि | ७०००००० | ७० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ९ का लागि | ६५००००० | ६५ लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं १० का लागि | ७०००००० | ७० लाख | बिनियोजन गरेकि छु। |
| | वडा नं ११ का लागि, | ५०००००० | ५० लाख | बिनियोजन गरेकि छु। |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं १२ का लागि | ५२००००० | ५२ लाख | बिनियोजन गरेकि छु। |
| कुल अनुमानित व्यय | | १७४४८७००० | १७ करोड ४४ लाख ८७ हजार | |

**सभाध्यक्ष महोदय,**

यस आर्थिक बर्षमा विनियोजन भई बजेटको सुनिश्चितता नभएका योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक बर्षको बजेटमा प्राथमिकिकरण गरी समेटने प्रयास गरेकि छु। साथै यस आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न भई भुक्तानी दिन बाकि रहेका योजना तथा कार्यक्रमहरुलाई समेत आगामी आर्थिक बर्षमा दायित्व सारेकि छु।

नगरपालिकाको नगर गौरवका योजनाहरु/ बहु बर्षिय योजनाहरुलाई आगामी आर्थिक बर्षको बजेटमा प्राथमिकता दिएकि छु। मैले माथि उल्लेख गरेका सिद्धान्त र प्राथमिकताका आधारमा उत्पादन र उत्पादकत्व बृद्धी हुने गरी बजेटको बाडफाड्गरी यस सम्मानित सभामा पेश गरेकि छु।

**धन्यबाद**

**पेश गर्नेः**

**नामः** गुलिया कुमारी चौधरी

**पदः** बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

**हस्ताक्षरः**

**मितिः** २०७९-०३-१०

०७९।३।१०